## लोक सेवा आयोगबाट लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षा सम्बन्धी

# नेपाल आयल निगम लिमिटेडको सूचना

**सूचना नम्बर : १२/२०८१-८२**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८१।०५।२८)**

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू खुला प्रतियोगिताद्वारा छनोट गरी स्थायी रूपमा पूर्ति गर्नका लागि इच्छुक योग्य नेपाली नागरिकहरूबाट https://erecruitment.nepaloil.org.np/users/login मा गई online मार्फत यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ दिनभित्र र दोब्बर दस्तुर तिरी म्याद सकिएको मितिले ७ दिनभित्र दरखास्त फाराम पेश गर्नुहुन आह्वान गरिएको छ। दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत जानकारी उक्त वेबसाइटमा दिइएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | पद/तह | सेवा/समूह | विज्ञापन नं. | खुला/ समावेशी | माग पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | प्रवन्धक (प्रशासन)/तह ८ | अप्राविधिक/प्रशासन | ४१/२०८१-८२ | आ.ज. | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त। **(अनुभव सम्बन्धमा थप जानकारी तल हेर्नुहोला)** |
| २. | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ४२/२०८१-८२ | खुला | १ | |
| ३. | उपप्रवन्धक (सि.ए.)/तह ७ | अप्राविधिक/लेखा | ४३/२०८१-८२ | मधेशी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्स उत्तीर्ण। |
| ४. | सहायक प्रवन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | ४४/२०८१-८२ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| | | | ४५/२०८१-८२ | महिला | १ | |
| | | | ४६/२०८१-८२ | आ.ज. | १ | |
| | | | ४७/२०८१-८२ | मधेशी | १ | |
| ५. | सहायक प्रवन्धक (लेखा)/तह ६ | अप्राविधिक/लेखा | ४८/२०८१-८२ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, जनप्रशासन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्रमध्ये कुनै एक मुल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण। |
| | | | ४९/२०८१-८२ | दलित | १ | |
| ६. | सहायक प्रवन्धक (मेकानिकल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ५०/२०८१-८२ | मधेशी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ७. | सहायक प्रवन्धक (सिभिल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ५१/२०८१-८२ | खुला | १ | |
| ८. | सहायक प्रवन्धक (इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ५२/२०८१-८२ | महिला | १ | |
| ९. | सहायक प्रवन्धक (इन्भारोमेन्टल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ५३/२०८१-८२ | खुला | १ | |
| १०. | सहायक प्रवन्धक (ल्याब)/तह ६ | प्राविधिक/ल्याब | ५४/२०८१-८२ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण। |
| | | | ५५/२०८१-८२ | मधेशी | १ | |
| ११. | सहायक प्रवन्धक (कानून)/तह ६ | अप्राविधिक/विविध | ५६/२०८१-८२ | महिला | १ | कानूनमा स्नातक तह उत्तीर्ण गरेको। |
| १२. | वरिष्ठ सहायक (प्रशासन)/तह ५ | अप्राविधिक/प्रशासन | ५७/२०८१-८२ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण। |
| १३. | वरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | ५८/२०८१-८२ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जन प्रशासनमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण। |
| | | | ५९/२०८१-८२ | आ.ज. | १ | |
| १४. | वरिष्ठ सहायक (मेकानिकल)/तह ५ | प्राविधिक/इन्जिनियरिङ | ६०/२०८१-८२ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण। |
| १५. | वरिष्ठ सहायक (सिभिल)/तह ५ | प्राविधिक/इन्जिनियरिङ | ६१/२०८१-८२ | आ.ज. | १ | |
| १६. | वरिष्ठ सहायक (ल्याब)/तह ५ | प्राविधिक/ल्याब | ६२/२०८१-८२ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण। |
| १७. | वरिष्ठ सहायक (कम्प्युटर/आइ.टी.)/तह ५ | प्राविधिक/विविध | ६३/२०८१-८२ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर सम्बन्धी (कम्तीमा Basic Office Package and Database) तालिम प्राप्त। |
| १८. | सहायक (ल्याब)/तह ४ | प्राविधिक/ल्याब | ६४/२०८१-८२ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण। |
| १९. | सहायक (कम्प्युटर/आई.टी.)/तह ४ | प्राविधिक/विविध | ६५/२०८१-८२ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी.वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर सम्बन्धी (Basic Office Package with database) तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाल सरकार Semi Skilled Man Power (Computer Operator) का लागि सञ्चालित कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त। |
| | | | ६६/२०८१-८२ | महिला | १ | |
| | | | ६७/२०८१-८२ | आ.ज. | १ | |
| २०. | टेक्निसियन/तह विहीन | प्राविधिक/इन्जिनियरिङ | ६८/२०८१-८२ | खुला | ३ | T-SLC परीक्षा वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण गरी सम्बन्धित विषयमा ६ महिनाको तालिम वा सम्बन्धित क्षेत्रमा दुई वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| | | | ६९/२०८१-८२ | मधेशी | १ | |
| | | | ७०/२०८१-८२ | अपाङ्ग | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचना :**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानुनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

**तह ८ को आवश्यक न्यूनतम योग्यता अन्तर्गत पाँच वर्षको अनुभव सम्बन्धमा थप जानकारी :**

तह ८ को कार्य अनुभवका लागि देहाय बमोजिमको निकायमा नियुक्ति भई सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्ति पत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो सेवालाई मान्यता दिइनेछः

- क) निजामती तथा अन्य सरकारी निकाय
- ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था
- ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति
- घ) ऐनद्वारा स्थापित संस्था वा निकाय
- ङ) संयुक्त राष्ट्र सङ्घ, यसका अङ्ग तथा विशिष्टीकृत निकाय
- च) अन्तरसरकारी अन्तर्राष्ट्रिय सङ्गठनहरू
- छ) विश्वविद्यालयको आङ्गिक क्याम्पस
- ज) सामुदायिक विद्यालय वा क्याम्पस

- खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्ति पत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, सङ्गठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेश गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृत स्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।
- सरकारी कर्मचारीले अन्य निकाय वा सङ्गठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको बिदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।
- प्रति हप्ता ४० घण्टाभन्दा कम समय काम गरेको अनुभव (आंशिक रूपमा काम गरेको) लाई मान्यता दिइने छैन।
- नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा (पार्ट टाइम) काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।
- तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गर्नु अघिको अधिकृत स्तरको अनुभवलाई मान्यता दिइने छैन।
- एक वर्षभन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।
- सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।
- विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

**नोट :**

१. उपर्युक्त अनुसार सबै पदहरूको परीक्षा केन्द्र काठमाडौंमा हुनेछ। सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ। लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट प्राप्त भए पश्चात् प्रकाशन गरिनेछ।

२. उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्म तह विहीन, तह ४ र ५ को हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको एवं तह ६ र ७ को हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर महिला एवं अपाङ्गता भएका उम्मेदवारको हकमा भने दरखास्त दिने अन्तिम मितिसम्म उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्नेछ। त्यस्तै, तह ८ को हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। तर निगमको सेवाको पदमा स्थायी बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

३. दरखास्त दिने उम्मेदवारका लागि परीक्षा दस्तुर : तह ८, ७ र ६ का लागि रु.१,०००।-, तह ५ का लागि रु.४००।-, तह ४ का लागि रु.३००।- र तह विहीनका लागि रु.२००।- रहेको छ तर एउटै पदका लागि १ भन्दा बढी समावेशीमा दरखास्त दिने भएमा प्रति समावेशी तह ६ का लागि रु.४००।-, तह ५ का लागि रु.२००।-, तह ४ का लागि रु.१५०।- र तह विहीनका लागि रु. १००।- थप परीक्षा दस्तुर रकम बुझाउनुपर्नेछ।

४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन।

५. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाण पत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराई पेश गर्नुपर्नेछ।

६. पाठ्यक्रम निगमको वेबसाइट www.noc.org.np बाट हेर्न सकिनेछ।

७. दरखास्त साथ आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्मका प्रमाणित प्रमाणपत्रहरू पेश गर्नुपर्नेछ। समावेशी समूहको आवेदनको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेश गर्नुपर्नेछ।

८. इन्जिनियरिङ समूहको तह ६ र सो भन्दा माथिका पदहरूका लागि इन्जिनियरिङ परिषद्मा दर्ता भएको प्रमाण पत्र र चार्टर्ड एकाउन्टेन्ट पदका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य बनेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

९. निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ (१०) बमोजिम निगमको सेवामा एक पटक आरक्षणको सुविधा उपभोग गरिसकेका कर्मचारीहरूले पुनः कुनै पनि आरक्षण सुविधा प्राप्त गर्न सक्ने छैन। साथै, कार्यरत कर्मचारीहरूले आरक्षण सुविधा लिए/नलिएको व्यहोरा स्वयं घोषणा गर्नुपर्नेछ।

१०. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ। यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि फोन नं. ९८०२२६६००५, ९८०२२६६००६, ५३६०८७२ मा सम्पर्क गर्न सकिनेछ।

११. सबै पदहरूको माथि उल्लिखित अनुसारका आवश्यक कागजात र प्रमाण पेश गर्न नसक्ने उम्मेदवारको दरखास्त फाराम स्वीकृत गर्न निगम बाध्य हुनेछैन। पेश भएको दरखास्त फाराममा पछि कुनै कैफियत देखिन आएमा जुनसुकै समयमा उक्त दरखास्त रद्द गर्न सकिनेछ।

**पदपूर्ति समिति**

**नेपाल आयल निगम लिमिटेड**

## लोक सेवा आयोगबाट लिइने आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा सम्बन्धी

# नेपाल आयल निगम लिमिटेडको सूचना

**सूचना नम्बर : ११/२०८१-८२**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८१।०५।२८)**

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएको हुँदा निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को परिच्छेद ४ को विनियम ४.२ को उपविनियम (१) र परिच्छेद ६ को विनियम ६.१ बमोजिम २०८१ आषाढ मसान्त सम्ममा न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरूको सेवा अवधिको हकमा उपरोक्त सेवा अवधिभन्दा एक वर्ष कम सेवा अवधि पूरा गरेका) तथा सोही विनियमावलीको परिच्छेद ६ को विनियम ६.२ को उपविनियम (१) बमोजिमको अवस्था नभएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र https://hr.nepaloil.org.np/selfservice/vacancies मा गई online मार्फत दरखास्त फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नम्वर | पद/तह | सेवा/समूह | माग पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | २५/२०८१-८२ | उपनिर्देशक (प्रशासन)/तह ९ | अप्राविधिक/प्रशासन | १ |
| २. | २६/२०८१-८२ | उपनिर्देशक (लेखा)/तह ९ | अप्राविधक/लेखा | १ |
| ३. | २७/२०८१-८२ | उपनिर्देशक (सी.ए.)/तह ९ | अप्राविधक/लेखा | १ |
| ४. | २८/२०८१-८२ | उपनिर्देशक (सिभिल)/तह ९ | प्राविधिक/इन्जिनियरिङ | १ |
| ५. | २९/२०८१-८२ | प्रवन्धक (प्रशासन)/तह ८ | अप्राविधिक/प्रशासन | २ |
| ६. | ३०/२०८१-८२ | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | २ |
| ७. | ३१/२०८१-८२ | उपप्रवन्धक (प्रशासन)/तह ७ | अप्राविधिक/प्रशासन | १ |
| ८. | ३२/२०८१-८२ | उपप्रवन्धक (लेखा)/तह ७ | अप्राविधिक/लेखा | १ |
| ९. | ३३/२०८१-८२ | उपप्रवन्धक (मेकानिकल)/तह ७ | प्राविधिक/इन्जिनियरिङ | १ |
| १०. | ३४/२०८१-८२ | उपप्रवन्धक (इलेक्ट्रिकल)/तह ७ | प्राविधिक/इन्जिनियरिङ | १ |
| ११. | ३५/२०८१-८२ | सहायक प्रवन्धक (लेखा)/तह ६ | अप्राविधिक/लेखा | १ |
| १२. | ३६/२०८१-८२ | सहायक प्रवन्धक (इलेक्ट्रिकल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | १ |
| १३. | ३७/२०८१-८२ | वरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | १ |
| १४. | ३८/२०८१-८२ | वरिष्ठ सहायक (ल्याब)/तह ५ | प्राविधिक/ल्याब | १ |
| १५. | ३९/२०८१-८२ | वरिष्ठ सहायक (कम्प्युटर/आई.टी.)/तह ५ | प्राविधिक/विविध | १ |
| १६. | ४०/२०८१-८२ | वरिष्ठ सहायक (मिस्त्री-मेकानिकल)/तह ५ | प्राविधिक/इन्जिनियरिङ | १ |

**नोटः**

१. उम्मेदवारले दरखास्त साथ आफूले प्राप्त गरेको ज्येष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालिम सहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

२. आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका तथा पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत् तत् समूह सम्बन्धी कागजातहरूको प्रमाण सम्बन्धित निकायबाट प्राप्त गरी दरखास्त साथ पेश गर्नुपर्नेछ। साथै, समावेशीतर्फ विनियमावलीको विनियम ६.१ को उपविनियम (३) अनुसार नियुक्ति वा बढुवा हुँदा निगमको नोकरी सेवा अवधि भरिमा एक पटक मात्र उपयोग गर्न पाउने व्यवस्था अनुसार त्यस्तो कुनै समावेशीको सुविधा उपभोग गरिसकेको भए दरखास्त साथ सो समेत उल्लेख गर्नुपर्नेछ।

३. तोकिएको अवधिभित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रूपमा समावेश गरिनेछैन।

४. आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि दरखास्त पेश गर्ने उम्मेदवारहरूको हकमा परीक्षा दस्तुर : तह ९ का लागि रु.१,२००।-, तह ८, ७ र ६ का लागि रु.१,०००।-, तह ५ का लागि रु.४००।- रहेको छ।

५. सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ। लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट प्राप्त भए पश्चात् प्रकाशन गरिनेछ।

६. पाठ्यक्रम निगमको वेबसाइट www.noc.org.np बाट हेर्न सकिनेछ।

७. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ। यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि फोन नं. ९८०२२६६००५, ९८०२२६६००६, ५३६०८७२ मा सम्पर्क गर्न सकिनेछ।

**पदपूर्ति समिति**

**नेपाल आयल निगम लिमिटेड**

**ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवा सम्बन्धी**

नेपाल आयल निगम लि.

# नेपाल आयल निगम लिमिटेडको सूचना

**सूचना नम्बर : १०/२०८१-८२**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८१।०५।२८)**

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएको हुँदा निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को परिच्छेद ४ को विनियम ४.२ को उपविनियम (१) र परिच्छेद ६ को विनियम ६.१ बमोजिम २०८१ आषाढ मसान्त सम्ममा न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका, पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरूको सेवा अवधिको हकमा उपरोक्त सेवा अवधिभन्दा एक वर्ष कम सेवा अवधि पूरा गरेका) तथा सोही विनियमावलीको परिच्छेद ६ को विनियम ६.२ को उपविनियम (१) बमोजिमको अवस्था नभएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र https://hr.nepaloil.org.np/selfservice/vacancies मा गई online मार्फत दरखास्त फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नम्बर | पद/तह | सेवा/समूह | माग पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | १/२०८१-८२ | नायब कार्यकारी निर्देशक/तह ११ | -/- | १ |
| २. | २/२०८१-८२ | निर्देशक/तह १० | -/- | १ |
| ३. | ३/२०८१-८२ | उपनिर्देशक (प्रशासन)/तह ९ | अप्राविधिक/प्रशासन | १ |
| ४. | ४/२०८१-८२ | उपनिर्देशक (लेखा)/तह ९ | अप्राविधक/लेखा | ३ |
| ५. | ५/२०८१-८२ | उपनिर्देशक (जनरल)/तह ९ | प्राविधिक/इन्जिनियरिङ | १ |
| ६. | ६/२०८१-८२ | उपनिर्देशक (ल्याब)/तह ९ | प्राविधिक/ल्याब | १ |
| ७. | ७/२०८१-८२ | प्रवन्धक (प्रशासन)/तह ८ | अप्राविधिक/प्रशासन | २ |
| ८. | ८/२०८१-८२ | प्रवन्धक (लेखा)/तह ८ | अप्राविधिक/लेखा | १ |
| ९. | ९/२०८१-८२ | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ४ |
| १०. | १०/२०८१-८२ | प्रवन्धक (सिभिल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | २ |
| ११. | ११/२०८१-८२ | प्रवन्धक (पेट्रोलियम)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | १ |
| १२. | १२/२०८१-८२ | प्रवन्धक (इन्भारोमेन्टल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | १ |
| १३. | १३/२०८१-८२ | प्रवन्धक (केमिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | १ |
| १४. | १४/२०८१-८२ | उपप्रवन्धक (प्रशासन)/तह ७ | अप्राविधिक/प्रशासन | १ |
| १५. | १५/२०८१-८२ | उपप्रवन्धक (लेखा)/तह ७ | अप्राविधिक/लेखा | १ |
| १६. | १६/२०८१-८२ | उपप्रवन्धक (मेकानिकल)/तह ७ | प्राविधिक/इन्जिनियरिङ | १ |
| १७. | १७/२०८१-८२ | उपप्रवन्धक (सिभिल)/तह ७ | प्राविधिक/इन्जिनियरिङ | २ |
| १८. | १८/२०८१-८२ | उपप्रवन्धक (पेट्रोलियम)/तह ७ | प्राविधिक/इन्जिनियरिङ | १ |
| १९. | १९/२०८१-८२ | उपप्रवन्धक (केमिकल)/तह ७ | प्राविधिक/इन्जिनियरिङ | १ |
| २०. | २०/२०८१-८२ | सहायक प्रवन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | १ |
| २१. | २१/२०८१-८२ | सहायक प्रवन्धक (ल्याब)/तह ६ | प्राविधिक/ल्याब | १ |
| २२. | २२/२०८१-८२ | वरिष्ठ सहायक (प्रशासन)/तह ५ | अप्राविधिक/प्रशासन | १ |
| २३. | २३/२०८१-८२ | वरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | १ |
| २४. | २४/२०८१-८२ | वरिष्ठ सहायक (मिस्त्री-इलेक्ट्रिकल)/तह ५ | प्राविधिक/इन्जिनियरिङ | १ |

**नोटः**

१. उम्मेदवारले दरखास्त साथ आफूले प्राप्त गरेको ज्येष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालिम सहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

२. आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका तथा पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत् तत् समूह सम्बन्धी कागजातहरूको प्रमाण सम्बन्धित निकायबाट प्राप्त गरी दरखास्त साथ पेश गर्नुपर्नेछ। साथै, समावेशी तर्फ विनियमावलीको परिच्छेद ६ को विनियम ६.१ को उपविनियम (३) अनुसार नियुक्ति वा बढुवा हुँदा निगमको नोकरी सेवा अवधिभरीमा एकपटक मात्र उपयोग गर्न पाउने व्यवस्था अनुसार त्यस्तो कुनै समावेशीको सुविधा उपभोग गरिसकेको भए दरखास्त साथ सो समेत उल्लेख गर्नुपर्नेछ।

३. तोकिएको अवधि भित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रूपमा समावेश गरिने छैन।

४. दरखास्त पेश गर्ने उम्मेदवारहरूको हकमा परीक्षा दस्तुर : तह ११ का लागि रु.१,५००।-, तह १० र ९ का लागि रु.१,२००।-, तह ८, ७ र ६ का लागि रु.१,०००।-, तह ५ का लागि रु.४००।- रहेको छ।

५. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ। यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि फोन नं. ९८०२२६६००५, ९८०२२६६००६, ५३६०८७२ मा सम्पर्क गर्न सकिनेछ।

**पदपूर्ति समिति**

**नेपाल आयल निगम लिमिटेड**